**मन्थली नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रम**
**आ. व २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिमा सञ्चालित विकास निर्माणका कार्यक्रम र सेवा प्रवाहको प्रगति अवस्था सम्बन्धि**
**प्रतिवेदन पत्र २०८२ बैशाख ९, ठाँटी**

कार्यक्रममा उपस्थित नगरप्रमुखज्यु, उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु जिल्ला प्रशासन कार्यालय सहित अन्य कार्यालयका प्रतिनिधि कर्मचारीहरु पत्रकार महासंघका अध्यक्षज्यु, राजनितीक दलका प्रतिनिधिज्युहरु पत्रकारज्युहरु र यस कार्यक्रमका सहजकर्ताज्यु, नगरपालिका अन्तर्गतका सबै कर्मचारी लगायत उपस्थित सम्पूर्णमा नमस्कार ।

नगरपालिकाबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाहजन्य क्रियाकलापहरुलाईअझ सरल सहज र प्रभावकारी बनाउनका लागि के-कस्तो र कसरी गर्नु पर्दछ । तपाईहरुले भोगेका, देखेका र महशुस गरेका विषयमा रचनात्मक सल्लाह र सुझावहरु लिने र आफ्ना कुरा पनि तपाइहरुसँग राख्नका लागि यो सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको छ ।

अहिले हामी आर्थिक वर्ष २०८१/८२ को दोस्रो चौमासिक र थप दुई महिनाको अवधि सकिएपछि तपाईहरु समक्ष स्वास्थ्य,पशुस्वास्थ्य र कृषिका केहि घुम्ती सेवा सहित उपस्थित भएका छौ । नगरपालिकाले यो वर्ष थालनी गरेका शासन विकास र सेवा प्रवाहजन्य कार्यहरुमा आ आफनो साथ सहयोग एवम् अनुभवजन्य रचनात्मक सुझाव प्रदान गर्न आउनु हुने सम्पूर्ण राजनीतिक दल, कार्यालय, संघ सस्थालगायत नगर एवं यस वडा नं ३ निवासी आमा-वुवा, दाजुभाई दिदीबहिनीहरुमा नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

नगरपालिकाले यो अवधिमा गरेका काम कार्वाही प्रति वा वडास्तरबाट भैरहेका कामका सम्बन्धमा उठेका र लागेका जिज्ञासा र गुनासोहरुलाई सिधा रुपमा हाकाहाकी राखिदिनु हुन पनि नगरपालिकाको तर्फबाट म अनुरोध गर्दछु । तपाईको कुनै प्रश्न र सुझावले नगर र वडाको कार्यसम्पादनमा सुधार गर्न र तपाईंमा उठेका जिज्ञासा मेट्न समेत मद्दत पुग्ने विश्वास हामीले लिएका छौ ।

मन्थली नरपालिकाले आ.व. २०८१/०८२ का लागि २०८१ असार ५ मा नगरसभाको १५ औं अधिवेशनबाट स्वीकृत गरेको नीति, कार्यक्रम तथा वजेट वमोजिम कार्यान्वयन गरेर भएका प्रगती र संशोधन गर्नुपर्ने कतिपय कार्यक्रम र योजनाहरुलाई गत पुस २५मा सम्पन्न १६ औं अधिवेशन (हिउँदे अधिवेशन) बाट संशोधन समेत गरेर कार्यान्वयन गरिएको छ । अव म समग्रमा यस ९ महिनाको अवधिमा गरेका काम र प्राप्त भएका मुख्य उपलव्धिहरुलाई नगर प्रमुखज्युको आदेश अनुसार वुँदागत रुपमा यहाँहरु समक्ष राख्ने अनुमति चाहन्छु ।

१. नगरपालिकाले आफ्ना अधिकार क्षेत्र भित्रका राजश्वका शीर्षकहरुबाट आन्तरिक राजश्व संकलन रु ३ करोड ८५ लाख आम्दानी हुने लक्ष्य राखिएकोमा हाल सम्म रु २ करोड ७७ लाख ७३ हजार रकम अर्थात कूल आय लक्ष्यको करिब ७३ प्रतिशत आम्दानी भएको छ ।

२. राजश्वको दायरालाइ फराकिलो पार्दै लैजानका लागि घर भाडाकरको दर र दायरालाई गत पुसमा सम्पन्न भएको नगर अधिवेशनबाट स्वीकृत गरि लागु गरिएको छ।

३. नगरपालिकाको स्थानीय संचित कोष व्यबस्थापन प्रणालीमा जम्मा १ अरव १ करोड ९७ लाख ८१ हजारको वजेट स्वीकृत गरिएकोमा चालु आ.व.को यस चौमासिकमा गते सम्म चालु खर्च ६१% तथा पुँजीगत खर्च ३१% र जम्मा खर्च ५१% भएको छ।

४. स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA), CGAS, Online Vouching, PAMS लगायतका अनलाइन सफ्टवेयर कार्यान्वयन गरि भुक्तानी र जिन्सि व्यवस्थापनमा सरलता र सहजता कायम गरिएको छ।

५. सवै वडा कार्यालयहरुवाट भूमि कर लगायत राजश्व संकलनको काम अनलाइन प्रणालीवाट शुरुवात गरिएको छ। नगर भित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा यस अघि २० Mbps क्षमताको फाईवर ईन्टरनेट जडान गरिएकोमा त्यसको २ वर्षको म्याद सकिए पश्चात क्षमता थपिने गरि ईन्टरनेट सुचारू तथा नवीकरण गरेर एकीकृत सुचना प्रवाह हुनेगरी नेटवर्किङ् गरिएको छ।

६. सुशासनलाई प्रभावकारी बनाउन कार्यपालिकाका निर्णय र अन्य महत्वपुर्ण सूचनाहरु समयमै नगरपालिकाको वेब पेजमा र फेसबबुक पेजमा सार्वजनिक गर्नुका साथै अन्य सम्पन्न कार्यहरुलाई तत्काल सार्वजनिकगर्ने गरिवार्षिक प्रगति प्रतिवेदन, सूचनाको हक अन्तर्गतको स्वतः प्रकाशन, Website update, जिल्लाका ५ वटा रेडियोहरुबाट साप्ताहिक गतिविधिको बारेमा साप्ताहिक रेडियो कार्यक्रम प्रसारण, सार्वजनिक सुनुवाइ, टोकन प्रणालीको कार्यान्वयन भइरहेको छ।

७. नगरपालिकामा प्राप्त गुनासो सुनुवाईका लागि सुचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरि सूचना मागका निवेदन र गुनासो समयभित्रै सुनिने र तालुक नियमनकारी निकायबाट प्राप्त सुझाव र निर्देशन कार्यान्वयन गरिएको छ।

८. वडा शिलिङ्गका ३५९ वटा, नगरस्तरीय र संघ एवं प्रदेशबाट प्राप्त आयोजनाहरु र अन्य गरी जम्मा सहित ५६० वटा योजनाहरु मध्ये ४५१ वटा (८१%) सम्झौता भई २४१ वटा (४३%) योजनाको भुक्तानी भइ सकेको छ।

९. समपुरक, विशेष र वडा नगर साझेदारी कार्यक्रम तथा अन्य कार्यक्रमका२५ लाख भन्दा माथि लागत भएका २४ वटा आयोजनाहरु वोलपत्र माध्यमवाट कार्यान्वयन भइरहेका छन्। यी मध्ये ३ वटा योजनाहरु गत आ व मा शुरु भएका वहुवर्षे र अन्य २१ वटा चालुआ व का योजनाहरु रहेका छन्।

१०. वर्षातका कारणले अवरुद्ध सडकहरु संघ र प्रदेश सरकारसँग र अन्य स्थानीय तहसँग समन्वय गरी द्रुत गतिमा खुलाइएको छ। धेरै क्षति भएका सडक तथा नगरबासीको घर-पेटि, आँगन, खेत-वारीमा पहिरो गएको हकमा तत्काल नगरपालिका मार्फत त्रिपाल,ग्याविन जाली, खानेपानी पाइप,पानी तान्ने मेशिनको व्यवस्थापन गरिएको छ। क्षतिको पुनःनिर्माणका लागि संघ सरकारबाट पुनः निर्माणका लागि प्राप्त रु ५० लाख बाट २४ वटा योजना कार्यान्वयनमा रहि कतिपय भुक्तानी भइसकेका र भुक्तानिको क्रममा रहेका छन्। त्यस्तै, प्रदेश सरकारबाट प्राप्त रु १० लाखबाट ९० घर परिवारका व्यक्तिको घरबासको क्षति मुल्यांकनका आधारमा रु ७ हजारदेखि २० हजारसम्मको राहत वितरण गरिएको छ।

११. बसन्त ऋतुसँगै आगलागि र वन डँडेलो लगाउने जस्तो अपराधजन्य कार्यलाई नियन्त्रणका लागि जिल्ला वन समेतको सहकार्यमा सामुदायिक वन, कबुलियति वन तथा सबै वडाका अन्य सरोकारवालालाई आगलागी र वन डँडेलो नियन्त्रणका उपाय र कानुनी कार्वाहीका विषयमा समुदायस्तरमा नै जानकारी गराउने गरी ७ वटा पायक पर्ने स्थानमा गएर अनुशिक्षण गरिएको छ ।

१२. फोहोरमैला प्रशोधन केन्द्र स्थापनाको DPR निर्माणका लागि वडा नं ६ को सेलेघाटमा प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सम्पन्न गरी जग्गा प्राप्तिको प्रकृया अगाडि बढाइएको छ ।

१३. ९ वटा वडा कार्यालय भवन वनी सकेको र २ वटा निर्माणाधिन अवस्थामा रहेको एवं ३ वटाको जग्गा व्यवस्थापन कार्य भएको छ । यस मध्ये वडा नं ९ को जग्गा प्राप्तिको कार्य सम्पन्न गरी भवन निर्माणको प्रकृया शुरु भएको छ ।

१४. २०८१ बैशाखमसान्तभित्र नगरलाई बालमैत्री शासनयुक्त नगरपालिका घोषणा गर्ने प्रतिवद्ता अनुरुप १४ वटै वडामा रहेका सबै बालमैत्री संरचनाहरुको नियमित बैठक, वडा तथा नगर स्तरिय अनुगमन, बिभिन्न क्षमता बिकास कार्यक्रमहरु, कागजातहरुको फायलिङ व्यवस्थापन लगायतका निर्धारित सबै कार्यक्रमहरु सम्पन्न गरिअन्तिम सूचक मापन, वडा तथा नगरस्तरिय स्थितिपत्र निर्माण सम्पन्न सबै वडाको अन्तिम प्रतिवेदन प्राप्त भएको र दिगोपनाको लागि पञ्च बर्षीय रणनैतिक योजना निर्माण भई अनुगमनका लागि जिल्ला समन्वय समितिमा कागजात सहित पत्र पठाउने कार्य भईरहेको छ । जिल्ला समन्वय समितिको अनुगमन पश्चात सबै वडाहरु बालमैत्री स्थानीय शासनयूक्त वडा घोषणा हुनेछन् र मन्थली नगरपालिकालाई निकट भविश्यमा नै वालमैत्री नगर घोषणा गरिनेछ ।

१५. जिल्ला स्तरीय अनुगमन समितिसँग अन्तरक्रिया गरी बालमैत्रीसँग सम्बन्धित प्रगतिका वारेमा जानकारी गराउने कार्य सम्पन्न भएको छ ।

१६. अपाङ्गता परीचयपत्र पुनरावलोकनका लागि १४ वटै वडा र काठमाडौँमा समेत स्वास्थ्य अवस्था परीक्षण शिविर कार्यक्रम सम्पन्न गरीएको छ र मन्थली अस्पतालमा विषयगत अपाङ्गता स्वास्थ्य शिविर आयोजना गरी साविकदेखिका अपाङ्गता परीचयपत्र पुनरावलोकन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

१७. नगर भित्र उत्पादन र प्रशोधन भएका कृषि तथा लघु उद्म सम्वन्धी बाली वस्तुहरुको प्रदर्शनी मेला आयोजना गरी स्थानीय कृषिजन्य उपजहरुको प्रवर्द्धनमा टेवा पुर्याउनुका साथै वडा नं ११ मा लघुउद्म कार्यक्रमको अभिमुखीकरण गरी उद्यमशिलता तालिम सञ्चालन भइरहेको छ।

१८. कृषि विकास तर्फ एक वडा एक उत्पादन पकेट कार्यक्रम ११ वटा वडामा सम्झौता भई कार्यान्वयन भईरहेको छ। यस वडा नं. ३ को राल्टारमा दलहन बाली पकेट सञ्चालनमा रहेको र वडा नं. ९, १० र १४ बाट प्रस्ताव प्राप्त नभएकोले कार्यान्वयनमा नगएको अवस्था छ ।

१९. ५० प्रतिशत अनुदानमा खाद्यन्न बालीको उन्नत बीउ वितरण तर्फ गहुँ बालीको ६८०किलो वितरण भएको छ। मकै बालीको उन्नत तथा हाइब्रिड बीउ वितरण गर्ने र धान बालीको बीउ वितरणको लागि माग संकलन गर्ने कार्य भईरहेको छ । त्यसैगरि, बाली संरक्षणका लागि सामग्री र विषादी खरिद गरी वडा कार्यालयमा पठाईएको छ। र प्लाष्टिक घरको लागि प्लाष्टिक सिट खरिद कार्य भै वितरणको कार्य शुरुवात भएको छ ।

२०. संघीय सशर्त तर्फ च्याउ पकेट कार्यक्रम वडा नं. ५, १० र १२ मा सञ्चालन भई रहेको छ। किसान सुचीकरण कार्यक्रम वडा नं. १ बाट सुरु भईरहेको छ।

२१. प्रदेश सशर्त तर्फ वडा नं. १ र १२ मा फलफूल प्रवर्द्धन र तरकारी प्रवर्द्धन कार्यक्रम सम्झौता भई कार्यान्वयन भई रहेको छ। चिया प्रशोधन कार्यक्रम अन्तर्गत मेशीनरी औजार खरिद प्रक्रियामा रहेको छ। त्यस्तै वडा नं. १ र १२ मा फलफूल प्रवर्द्धन र तरकारी प्रवर्द्धन सम्झौता भई कार्यान्वयन भई रहेको छ। चिया प्रशोधन कार्यक्रम अन्तर्गत मेशीनरी औजार खरिद प्रक्रियामा रहेको र फलफूलको बिरुवा वितरणको लागि माग संकलन गर्ने कार्य सम्पन्न भएको छ।

२२. बाढी पहिरोबाट बालीमा क्षति भएको विवरण संकलन गरी सम्बन्धित निकायमा पठाईएको र रासायनिक मल बिक्रेता छनौट गरी नगरपालिकालाई कोटा अनुसार प्राप्त मल सबै वडालाई बाँडफाँड गरिएको छ।

२३. मन्थलीमा दुई दिन सञ्चालन भएको नगरस्तरीय कृषि तथा लघु उद्यम प्रदर्शनी मेलामा किसान तथा उद्यमीले करिव ८ लाख बराबरको उत्पादन बिक्री गरेका छन्।

२४. कृषक समूह नवीकरण ५५ वटा र दर्ता २८ वटा भएको र कृषकहरुको खेतबारी निरीक्षण, रोग कीराहरुको नियन्त्रण लगायतका प्राविधिक सेवा टेवा प्रवाह गरेको र वडामा भएका सार्वजनिक सुनुवाई तथा एकीकृत घुम्ति शिविरमा सहभागी भई तरकारीको बीउ/विषादी वितरण गर्नुका साथै किसान सुचीकरण गरिएको छ ।

२५. पशु सेवा तर्फ प्रयोगशाला सेवा सहित मेडिकल उपचार सेवा,गाईनोकोलोजी उपचार, मेजर तथा माईनर सर्जिकल सेवाका साथै ७ वटा वडामा रहेका पशु सेवा केन्द्रहरुबाट सुचारु रुपमा सेवाप्रवाह भईरहेको छ ।

२६. मन्थली बजार एरियामा रहेका ४० भन्दा बढि घाईते र बिमारी छाडा कुकुरहरु नियन्त्रण गरी उपचार गरिएको, लम्फिस्कीन डिजिज/ खोरेत/ पि.पि.आर बिरुद्धको खोप प्राप्त भई ३५,७०० गाई/ भैसी/ बाख्राहरुमा निशुल्क रुपमा कृषकहरुको गोठ र खोरमा नै पुगेर निशुल्क खोप लगाइएको छ ।

२७. विश्व रेबिज दिवस २०८१ को अबसरमा पशु सेवा शाखा लगाएत ७ वटै पशु सेवा केन्द्रहरुबाट ४०० भन्दा बढि घरपालुवा कुकुर बिरालोहरुमा निशुल्क रेबिज खोप लगाएर रेबिज दिवश २०८१ मनाईएको छ । मन्थली बजार एरियामा रहेका ४० भन्दा बढि घाईते र बिमारी छाडा कुकुरहरु नियन्त्रण गरी उपचार गरिएको छ ।

२८. गाई/भैसी/बाख्राहरुमा कृत्रिम गर्भाधानको माध्यमबाट १४७० वटा पशुहरुमा नश्ल सुधारको कार्य सम्पन्न भएको छ ।

२९. सामुदायिक छाडा कुकुरको स्थायी बन्ध्याकरण गर्ने तथा तथा रेबिज खोप शिविरको दुई दिने कार्यक्रम मन्थलीमा सञ्चालन भई २५३ छाडा कुकुर स्थायी बन्ध्याकरण तथा रेबिज खोप लगाइएको छ ।

३०. नगरको पशु उपचार डिस्पेन्सरी कक्ष सञ्चालन गर्न र ७ वटा पशु सेवा केन्द्रमा ७७ प्रकृतिका औषधी, खोप, तथा सामाग्रीहरु पशु सेवा केन्द्रहरुमा पठाइएको छ ।

३१. डेरीमा दुध बिक्री गर्ने २११ जना कृषकहरुलाई प्रति लिटर रु २ रुपयाँ ५० पैसा अनुदान कार्यक्रम अन्तर्गत असोज मसान्तसम्मको २,४२,३३९.६५ लिटर दुधको रु.६ लाख ४७ हजार ८ सय ५ वटा बैक

खाता मार्फत भुक्तानि गरिएको र कार्तिक १ देखि पौष मसान्तसम्मको दुधको तथ्याङ्क अध्यावधि गर्ने काम भैरहेको छ।

३२. नगरपालिका र हेफरको साझेदारिमा सञ्चालित कृषि तथा पशु विकासमा साना किसान लघुउघम विकास कार्यक्रम अन्तर्गत पहाडि समाज कल्याण केन्द्रबाट सञ्चालित १/१ दिने नि:शुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम मन्थली वडा नं.३ डांडागाउ, वडा नं-७ ठेडिखोला, वडा नं-१३ चिण्डेमा सम्पन्न भएको छ। साथै मन्थली नगरपालिका वडा नं.१ बाहेकका अन्य १३ वटा वडाहरुमा रहेका समुहका सदस्यहरुलाई १४ गोटा उन्नत नश्लका प्रजनन् योग्य बोका र ७२ गोटा उन्नत नश्लका प्रजनन् योग्य बाख्राहरु वितरण कार्यक्रममा यस नगरको प्राविधिक टोली समेत उपस्थित भई सेवा प्रवाह तथा वितरणमा सहजीकरण गरिएको छ।

३३. वडा नं.-७ मा आयोजित एकिकृत घुम्ति सेवा शिविर सम्पन्न भई १०८ घरधुरी परिवारका १६०५ घरपालुवा पशुपन्छीहरुमा निशुल्क रुपमा बाहिरि-भित्रि परजिवि नियन्त्रण विरुद्दको औषधि उपचार लगायतका सेवाहरु प्रवाह गरिएको छ।

३४. गत पुस १६ र १७ मा मन्थलीमा भएको कृषि तथा लघुउघम प्रदर्शनी मेलामा पशु सेवा तर्फका १० वटा स्टलहरुमा विभिन्न पशु तथा पशुजन्य उत्पादनहरुको प्रदर्शनी सम्पन भएको तथा विभिन्न २ वटा बिधामा उत्कृष्ट कृषक र व्यवसायीहरुलाई पुरस्कृत गरिएको छ।

३५. नगरको कार्य क्षेत्रभित्रका ६३ वटा सहकारीहरु यस आ व का लागि अद्यावधिक गरी विभिन्न सस्थाका ४२ जना संञ्चालकहरुलाई सहकारी शिक्षा प्रदान गरीएको छ। साथै राष्ट्रीय सहकारी दिवस २०८१ लाई सहकारी शिक्षामय बनाउँने गरी रक्तदान प्रभातफेरी र प्रवचन सहितका कार्यक्रमलाई नगरपालिकाबाट आवश्यक व्यवस्थापकीय सहयोग उपलब्ध गराईएको छ।

३६. स्वास्थ्य विमा कार्यक्रममा दलित महिला, एकल महिलार ख-वर्गका अपाङ्गता, विपन्न नागरिकहरुलाई ५०% सहयोग उपलब्ध गराइनुका साथै ७६ जना विपन्न नागरिकलाई निशुल्क स्वास्थ्य विमा गरिएको छ।

३७. मुटु मृगौला लगायतका नसर्ने रोगको १५२५ जनालाई जाँच परीक्षण उपचार र रेफर जस्ता क्रियाकलापलाई अभियानको रुपमा सबै वडामा लगि सपन्न गरीएको र किशोरीहरुमा पाठेघरको मुखको क्यान्सर निरोधक HPV खोप लगाईएको छ।

३८. क्षयरोगमुक्त नेपाल कार्यक्रमलाई सार्थक नतीजा दिनका लागि समुदायस्तरमा युवाहरुलाई परिचालन गरिएको, सबै वडामा क्षयरोगमुक्त हुनेगरी सुक्ष्म योजना निर्माणका लागि ९ वटा वडामा प्रगति विश्लेषण सहित योजना तर्जुमा बैठक सम्पन्न गरिएको छ।

३९. मन्थली नगरपालिकालाई पूर्णखोपयुक्त नगर घोषणा गरी दिगोपन कायम गर्न १४ वटै वडालाई पूर्णखोपयुक्त वडा घोषणा गरीएको छ।

४०. मन्थली अस्पतालमा दन्त सेवा, आँखा केन्द्र सेवा र फिजियोथेरापी सेवा एवं विमा कार्यक्रममा सुधार गरी नागरिकको आकर्षक उपचार केन्द्रको रुपमा विकास गर्न जोड दिएको छ । साथै नगर अस्पताललाई प्रदेश अस्पतालको रुपमा स्तरउन्नति गर्ने प्रयास गरीएको छ।

४१. न्यायिक समितिमा दर्ता भएका विवाद/उजुरिहरु मध्ये अघिल्लो आ.व.बाट जिम्मेवारी सरिआएका १५ वटा र चालु आ व मा दर्ता भएका १३  वटा गरी जम्मा २८ वटा छन् । यि मध्ये १३ वटा उजुरी/विवाद समाधान भई फछौंट भएका र बाँकि १५ वटा विवाद नियमित रुपमा समाधानको प्रकृयामा रहेका छन् ।

४२. कक्षा १-३ को मूल्याङ्कन प्रणालीलाई सुदृढीकरण गर्ने कार्य सञ्चियका (Portfolio) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। शिक्षक डायरीको व्यवस्था गरिएपछि शिक्षण सिकाइ क्रियाकलापमा थप सुधार भएको देखिएको छ । मन्थली मा विमा विज्ञान संकायमा अध्ययनरत २८ जनालाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

४३. शिक्षक सेवा आयोगबाट नव नियुक्त प्राथमिक शिक्षकलाई पदस्थापन गरिएको छ । आधारभुत तहको प्रश्न पत्र निर्माण को कार्यशाला गरी विषयकेन्द्रित र स्तरीय प्रश्न निर्माण सहित मर्यादित परीक्षा सञ्चालन गरि उत्तरपुस्तिका परीक्षण सकेर नतिजा प्रकाशन भएको छ । शिक्षकहरुलाई प्राथमिकताक्रमका आधारमा तालिम केन्द्र धुलिखेल मार्फत क्षमता विकास तालिम दिइएको छ । साथै अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिएको छ ।

४४. प्रधानमन्त्रि रोजगार वैदेशिक रोजगारीमा जाने ३२ जना श्रमिक सेवाग्राहीको पुनः श्रम स्वीकृति सम्बन्धि कार्य सम्पन्न गरिएको छ । कार्यस्थलमा आधारित जीवन उपयोगि सीप विकास समेत हुनेगरी ४० जनाश्रमिकलाइ सेवा प्रदायक मार्फत ५० दिनको तालिम शुरु गरिएको छ । त्यस्तै यातायात मन्त्रालय हेटौंडाको  सहयोगमा यस पालिकाका ९ जना महिलालाई ड्राइभिङ् सम्बन्धि सिप सिकाई आत्मानिर्भर बन्न प्रेरित गरिएको छ ।

४५. सुरक्षित वैदेशिक रोजगारी (सामि) को आप्रवासी स्रोत केन्द्र मार्फत ३२४६ जनालाई सूचना तथा परामर्श प्रदान गरिएको र बैदेशिक रोजगारीका सिलसिलामा बिभिन्न समस्यामा परेका १२ वटा मुद्दा दर्ता भएकोमा ७ वटा समाधान भएका र ५ वटा समाधानको प्रकृयामा रहेका छन् । रेमिट्यान्सको सहि सदुपयोग र आयआर्जनका क्षेत्रमा लगानी गर्ने शिक्षा दिनका लागि समुदायस्तरमा २१ हप्ते २ वटा कक्षा सम्पन्न भएका छन भने १ दिवसीय र ३ दिवसीय १/१ वटा कार्यक्रम सम्पन्न भएको छ । साथै सुरक्षित र बैधानिक रुपमा जान सचेत गराउन १८ स्थानमा ७४४ जनालाई अभिमुखीकरण गरिएको र मनोसामाजिक समस्यामा रहेका ९ जना ब्यक्तिहरुलाई नियमित मनोसामाजिक परामर्श सेवा दिइएको छ ।

४६. विभिन्न ७ वटा वर्गिकरणका लाभग्राहिहरुलाई सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गरिदै आएको छ । यस अवधिमा पहिलो त्रैमासिक किस्ता ५८६९ जनाको जम्मा ५ करोड ८८ लाख २६ हजार, दोस्रो त्रैमासिक किस्ता ५५४५ जनाको जम्मा ५ करोड ६१लाख ४८ हजार र तेस्रो त्रैमासिक किस्ता ५८६९ जनाको जम्मा ५ करोड ९६ लाख ८ हजार गरी जम्मा रु.१७ करोड ४५ लाख८२ हजार बैक खातामा पठाइएको छ ।

४७. त्यस्तै यस वडा नं ३ का मात्र लाभग्राहिको हकमा पहिलो किस्ता ३८९ जनाको जम्मा ३८ लाख २१ हजार ७ सय, दोस्रो किस्ता ३७५ जनाको जम्मा ३६ लाख ८६ हजार ७ सय र तेस्रो किस्ता ३७९ जनाको जम्मा ३७ लाख ३७ हजार गरी जम्मा रु.१ करोड १२ लाख४५ हजार ५ सय रुपयाँ बैक खातामा पठाइएको छ ।

**आदरणीय महानुभावहरु**

**<u>क. भावी कार्यदिशा-</u>**

**१. स्थानीय तहको संस्थागत स्व मूल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम न्यूनीकरण तथा स्थानीय आर्थिक विकास(LED) का सूचकहरुको आधारमा योजना एवं कार्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिइएको छ।**

**२. वालमैत्री शासनयुक्त नगरपालिका घोषणाका लागि गर्नु पर्ने सबै कार्यहरु सम्पन्न गरी माथिल्लो निकायबाट अनुगमन हुनासाथ दिगोपना सुनिश्चत हुने गरी घोषणा गरिनेछ।**

**३. मन्थली अस्पताललाई प्रदेश एवं संघीय अस्पतालको रुपमा स्तरोन्नतिमा जोड दिइएको र सबै वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह गर्ने गरी निर्माण गर्ने कार्यलाइ प्राथमिकतामा राखिएको छ।**

**४. नगर कार्यपालिकाको कार्यालय र वडा तहमा रहेका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुसँग Internet मा आधारित Faceless Governanceमा जोड दिइएको छ।**

**५. प्लाष्टिकविहिन, सफाइयुक्त र सुन्दर बजार सहितको नगर निर्माणका लागि कुहिने र नकुहिने फोहोर छुट्टयाई फोहोर व्यवस्थापनलाई Landfill Site निर्माण र शहरी क्षेत्रमा ढल निकासमा जोड दिइएको छ।**

**६. नयाँ ढाँचाको भू-उपयोग वर्गिकरण र कित्तागत नक्सांकन गर्ने कार्यलाई शिघ्र सम्पन्न हुनेगरी अगाडि बढाइएको छ। सार्वजनिक जग्गाको संरक्षण तथा बाँजो जग्गाको सदुपयोग गर्नका लागि सार्वजनिक सूचनाहरु प्रवाह गरिएको छ।**

**७. नगरलाई दुध, मासु, अण्डा, तरकारी र पशु आहारको उत्पादनमा आत्मनिर्भरतामा जोड दिदै व्यवसायिक पशुपालनमा प्रोत्साहन दिइएको छ।**

**८. बस्तिस्तरका खानेपानीकोमुहान संरक्षण र सञ्चालित सबै आयोजनाहरु समयमा सम्पन्न गरी स्वच्छ खा.पा. वितरण गर्न आवश्यक समन्वय र पहल गरिएको छ।**

**९. चिस्यान केन्द्र सञ्चालन गरी स्थानीय उत्पादन र उपजलाई वेमौसममा उपयोग गर्न प्रदेश मन्त्रालयसँग समन्वय गरिएको छ।**

**१०. वडाहरुमा पनि विकास र सेवा प्रवाहको जानकारी हुनेगरी वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम गर्न प्रेरित गरिनेछ।**

**आमन्त्रित सबै महानुभावहरु,**

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सुचाङ्कका आधारमा गरिएको संस्थागत स्वमूल्यांकन (LISA) मा र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा समेत नगरपालिकाले सन्तोषजनक नतिजाका साथ जिल्लाका ८ वटा पालिकामा प्रथम हुन सफल हुदै आएको छ। चालु आ.व.मा पनि सोहि किसिमको सक्षमता र अब्बल नतीजाको निरन्तरता हुनेगरी प्रारम्भिक नतिजा पनि**

आएको र अन्तिम नतिजा हुदा पनि कायम रहने अपेक्षा गरिएको छ ।  यस्ता व्यवस्थापकीय क्षमताको प्रतिस्पर्धी मुल्यांकनमा आगामी वर्षमा समेत निरन्तरता हुनेगरी काम गर्न सम्बद्द हामी सबै समक्ष अनुरोध समेत गर्न चाहन्छु ।

नेपाल सरकारले परिकल्पना गरेको *समृद्ध नेपाल - सुखी नेपालीको* मुल सोच र मन्थली नगरपालिकाले तय गरेको *“शिक्षित, स्वस्थ र व्यावसायिक शहरःउत्थानशिल र समृद्व मन्थली नगर”* भन्ने दिर्घकालीन सोच पुरा गर्ने तर्फ हामी सबैको प्रयास र पाइला अघि बढ्नु पर्दछ, हातेमालो हुनु पर्दछ । नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को यस ९ महिनाको अवधिमा गरेका काम कार्वाही प्रति वा यस वडामा भैरहेका कामका सम्बन्धमा उठेका र लागेका जिज्ञासा र गुनासोहरुलाई सिधा र प्रष्टरुपमा राखिदिनु हुन अनुरोध छ । साथै यहाँ ल्याइएका स्वास्थ्य सेवा, पशुसेवा, कृषि सेवा लगायतका सेवा लिनका लागि पनि अनुरोध गर्दछु । आगामी दिनमा तपाईको मर्यादित प्रश्नले हाम्रो कार्यसम्पादनमा सुधार गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन मद्दत हुने विश्वास पनि लिएको छु । अन्त्यमा, वडा नं ३ का वडा अध्यक्ष र कार्यालयलाइ यथासक्य राम्रो व्यवस्थापन गरिदिनु भएकोमा  धन्यवाद भन्न चाहन्छु ।  सबैमा धन्यवाद ।

मितिः२०८२/१/९